✆ ९८५२८२२५००

बिष्णुपुर गाउँपालिका
Bishnupur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipality Executive
बिष्णुपुर, सप्तरी
Bishnupur, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या(Letter No.): २०८२/०८३
चलानी नं.(Ref. No.) : ................

(छाप: बिष्णुपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिष्णुपुर, सप्तरी मधेश प्रदेश, नेपाल)

मिति :२०८३/०३/३२

**सामाजिक सुरक्षा भत्ताका लागि नवीकरण सम्बन्धमा अत्यन्त जरूरी सूचना ।**

प्रस्तुत विषयका सम्बन्धमा सामाजिक सुरक्षा नियमावली, २०७६ को (दोस्रो संशोधन सहित) को नियम ९ को उपनियम (१) "नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भदौ मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति स्वयम् उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ" भन्ने साविकको व्यवस्थामा संशोधन भई सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ वमोजिम सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (१) मा "भदौ मसान्त भित्र" भन्ने शब्दहरुको सट्टा "असोज मसान्त सम्म निवेदन दिनुपर्ने प्रावधान रहेको र आर्थिक वर्ष २०८३/०८४ देखि सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित गर्न **राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको सूचना अनुसार बायोमेट्रिक रुजु गर्नु पर्ने भएकोले बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय अथवा ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा लिन बाधा नपर्ने** र अन्य व्यक्तिको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको हुँदा सोही अनुसार यस गाउँपालिकाका सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले **"२०८३ श्रावण १ गते देखि असोज मसान्त सम्म** आ-आफ्नो वडा कार्यालयहरुमा तपसिलका कागजात सहित स्वयम् उपस्थित भई आ.व. २०८३/०८४ का लागि सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न/गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

**नोट** : माथि उल्लेखित अवधि भित्र नवीकरण नगरेको खण्डमा स्वयम् लाभग्राही/संरक्षक जिम्मेवार हुने व्यहोरा समेत अनुरोध छ । साथै, जानकारीको लागि सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाका बिरेन्द्र कुमार यादव र जय प्रकाश यादव लाई सम्पर्क गर्नु हुन हार्दिक अनुरोध छ, सम्पर्क नं.:- ९८१७७९८८३६ र ९८१७७१३८०८ (नोटः सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न जाँदा आ-आफ्नो सक्कल प्रमाणपत्रहरु समेत लिई सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| | |
|---|---|
| ........................ | ........................ २०८३/०३/३२ |
| **(जय प्रकाश यादव)** | **(उज्जवल आनन्द)** |
| पञ्जीकरण शाखा सहायक | **प्रमुख प्रशासकीय अधिकृत** |
| | प्रमुख प्रशासकीय अधिकृत |

बिष्णुपुर गाउँपालिका
Bishnupur Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipality Executive
बिष्णुपुर, सप्तरी
Bishnupur, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal
☏ ९८५२८२२५००

पत्र संख्या(Letter No.): २०८२/०८३
चलानी नं.(Ref. No.) : ................

मिति :२०८३/०३/३२

**आवश्यक कागजातहरु:**

| सामाजिक सुरक्षा भत्ताको किसिम | आवश्यक कागजात | कैफियत |
|---|---|---|
| ज्येष्ठ नागरिक भत्ता (अन्य) | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र र पासपोर्ट साइजको फोटो २ प्रति । | स्वयम् उपस्थित हुने । |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र र पासपोर्ट साइजको फोटो २ प्रति । | स्वयम् उपस्थित हुने । |
| भत्ता ज्येष्ठ नागरिक (एकल) महिला | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र र अविवाहित प्रमाणपत्र र पासपोर्ट साइजको फोटो २ प्रति। | स्वयम् उपस्थित हुने । |
| पूर्ण अपाङ्गता (क) वर्ग तथा अति अशक्त अपाङ्गता (ख) वर्ग | नेपाली नागरिकताको प्रमाणपत्र/जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी, सामाजिक सुरक्षा भत्ता परिचयपत्र,संरक्षकको नागरिकताको प्रतिलिपी र पासपोर्ट साइजको फोटो २ प्रति । | संरक्षकसहित उपस्थित हुने । |
| विधवा | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलपी, अविवाहित प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र र पासपोर्ट साइजको फोटो २ प्रति । | स्वयम् उपस्थित हुने । |
| वालवालिका | जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, संरक्षकको नागरिकताको प्रतिलिपी र पासपोर्ट साइजको फोटो २ प्रति । | बालवालिका सहित संरक्षक उपस्थित हुने । |

.......................
**(जय प्रकाश यादव)**
**पञ्जीकरण शाखा सहायक**

.......................
**( उज्जवल आनन्द)**
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत